भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०१/१३**

क) यस कार्यालयको मिति २०७८/०१/१३ को निर्णयानुसार भरतपुर महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा तथा "एक गाउँ एक प्राविधिक" कृषि कार्यक्रमका लागि देहायका पदहरु करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०७८ बैशाख २८ गते दिनको २:०० बजेसम्म) रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | माग संख्या | परीक्षा दस्तुर रु. | शैक्षिक योग्यता | छनौटको किसिम |
|---|---|---|---|---|---|---|---|
| १०/०७७/७८ | अ.हे.ब. | सहायक चौथो | स्वास्थ्य | ६ (छ) | १००० | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ. हे. ब. कोर्ष उत्तीर्ण गरेको | अन्तर्वार्ता |
| ११/०७७/७८ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य | ७ (सात) | १००० | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ. न. मी. कोर्ष उत्तीर्ण गरेको | अन्तर्वार्ता |
| १२/०७७/७८ | नायब पशु सेवा प्राविधिक (जे. टि. ए.) | सहायक चौथो | कृषि | १ (एक) | १००० | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पशु विज्ञान विषयमा जे. टी. ए. कोर्ष उत्तीर्ण गरेको वा टी. एस. एल. सी. उत्तीर्ण गरेको | अन्तर्वार्ता |
| १३/०७७/७८ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | ७ (सात) | ५०० | साधारण लेखपढ | अन्तर्वार्ता |

**नोटः**

१. निवेदनसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र तथा तालिम प्रमाणपत्रको आफैंले प्रमाणित गरेको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
२. दरखास्त भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउनु पर्नेछ । दरखास्तसाथ तोकिएको दस्तुर भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा रकम जम्मा गरेको रसिद पेश गर्नुपर्नेछ ।
३. दरखास्त दिने उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
४. पारिश्रमिक तथा सेवा सुविधा यस महानगरपालिकासँगको करार सम्झौता बमोजिम उपलब्ध गराइनेछ ।
५. दरखास्त फाराम यस कार्यालयको प्रशासन तथा जनशक्ति विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।

ख) यस कार्यालयको मिति २०७८/०१/१२ को निर्णयअनुसार भरतपुर महानगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र (२०७८ बैशाख २८ गते दिनको २:०० बजेसम्म) रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १४/०७७/७८ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ (एक) | १००० | |

१. **आवश्यक न्यूनतम योग्यताः**

- सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
- अनुभव र सीपः प्राविधिक सहायकमा देहायको अनुभव र सीप आवश्यक पर्नेछ–
  - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
  - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्नसक्ने र विश्लेषण गर्नसक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- उमेरः कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः** दरखास्त भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउनु पर्नेछ । दरखास्तसाथ तोकिएको दस्तुर भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा रकम जम्मा गरेको रसिद पेश गर्नुपर्नेछ ।

३. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

४. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु– नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको लब्ध्याङ्क प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात तथा २ प्रति पासपोर्ट साइजको फोटो ।

५. **सेवा सुविधाः** महानगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

**प्रमुख प्रशासकीय अधिकृत**

२०७८/१/१६